# कञ्चनरुप नगरपालिका, पशुपंक्षी विकाश शाखाको अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०७५/०२/२४ गते**

यस कार्यालयको आ.व.२०७४/०७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **युवा लक्षित विशेष पशु उत्पादन कार्यक्रम** प्रभावकारी ढङ्गले सञ्चालन गर्नको लागि कञ्चनरुप नगरपालिका अन्तर्गत वसोवास गरेका १८ देखि ५० वर्ष सम्मको निजी पशु पालक कृषकहरुबाट प्रस्ताव दर्ता गराउनको लागि यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक कृषकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले रु.१०/-को टिकट टाँसी ७ (सात) दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम र परियोजना प्रस्ताव यस कार्यालयमा पेश गर्नु होला । यस कार्यालयबाट सञ्चालन भएका अन्य कार्यक्रमहरुबाट गत ३ वर्ष भित्र अनुदान सहयोग लिई कार्यक्रम गरेका कृषकहरु छनौटको प्रक्रियामा समावेश हुने छैनन् । विस्तृत जानकारीको लागि कञ्चनरुप नगरपालिकाको पशुपंक्षी विकास शाखा कंचनपुरमा सम्पर्क राख्नु हुन अनुरोध छ । आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत सूचनाद्वारा सूचित गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत
कञ्चनरुप नगरपालिका
कंचनपुर, सप्तरी

**तपसिल**

१. कार्यालयले तोके अनुसारको आवेदन फारम
२. कार्यालयले तोके अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
४. प्राप्त गरेको प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) प्रमाणित प्रतिलिपीहरु
५. निजी फर्म सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी
६. कार्यक्रमको लागि छनौट भएका कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपी
७. कार्यक्रम सञ्चालनको लागि भाडामा जग्गा लिएको भए सम्झौताको प्रतिलिपी
८. वैदेशिक रोजगारबाट फर्केको हकमा राहदानीको फोटोकपी

**नोट :- दरखास्त बुझाउने स्थान** -पशुपंक्षी विकाश शाखा, कंचनपुर हटिया